मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा,नेपाल

## ईद (इदुल फित्र) को शुभकामना

देश तथा विदेशमा रहनुभएका नेपाली मुस्लिम समुदायका साथै सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाइमा इदुल फित्रको उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं भौगोलिक विविधतायुक्त विशेषता भएको हाम्रो मुलुक संविधानत: धर्म निरपेक्ष राज्य भए पनि धार्मिक सहिष्णुता अनुकरणीय छ । यो र यस्तै धार्मिक एवं सांस्कृतिक चाडपर्वले सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता कायम राखी राष्ट्रिय एकतालाई अझै मजबुत बनाउन महत्वपूर्ण योगदान दिएका छन् ।

अरबी पात्रो हिजरी संवतअनुसार दसौं महिना (सौवाल) को पहिलो दिन मुसलमान समुदायले नमाज पाठ गरी ठूलाबडाबाट आशीर्वाद लिएर इद उल फित्र पर्व मनाउने चलन छ । १ महिना (रमजान) भर बिहान सूर्योदयअघि र बेलुकी सूर्यास्तपछि मात्र भोजन ग्रहण गर्ने यो पर्वको आफ्नै विशेषता छ । आफूभन्दा कमजोर आर्थिक अवस्था भएकालाई दान गर्नु यो पर्वको मुख्य विशेषता हो ।

यो पर्वले पनि विविध धर्म, संस्कृति मान्ने सबै नेपालीबीच भातृत्व, प्रेम र एकताको भावना बढाइ समुन्नत, शान्त र समृद्ध मुलुक बनाउन सबैमा प्रेरणा प्रदान गरोस् भनी शुभकामना व्यक्त गर्दछु ।

२०७९ वैशाख २०

कृष्णचन्द्र नेपाली पोखरेल
मुख्यमन्त्री